जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक १७० | २०७९ साल माघ २१ गते शनिबार | (4 Feb. 2023 Saturday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : जरायो चोरी सिकारी प्रकरण : दुई. ३ पृष्ठमा : बलि दिन भारत पुऱ्याइएकी ... ३ पृष्ठमा :पैतीस लाख बालबालिका..

# भारत सधैं नेपालको विकासका लागि अग्रसर : भारतीय राजदुत श्रीवास्तव



**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

भारतीय दूताबासको आर्थिक सहयोगमा सप्तरीमा निर्मित अस्पताल तथा विद्यालय भवनको शुक्रबार उद्घाटन गरिएको छ ।

नेपालका लागि भारतीय राजदुत नवीन श्रीवास्तवले अस्पताल तथा विद्यालय भवनको एक समारोहबीच उद्घाटन गरेका हुन् ।

भारतीय राजदुत श्रीवास्तावले ती योजनाहरुको उद्घाटन गर्दै भारत सधैं नेपालको बिकासका लागि अग्रसर रहेको बताउँदै सप्तरीसहित नेपालको विकासकालागि थप काम अगाडी बढाउने प्रतिबद्धता समेत जनाए ।

करिब दुई दशकअघि सप्तरीमा प्रदान गरेको पाँच वटा बिभिन्न योजनाहरुमध्ये राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको प्रसुती भवन र बोरिया तथा ब्रम्हपुर मावि भवनको उदघाटन भएको हो ।

यता बाँकी रहेको कन्या छात्राबास र कुनौली फत्तेपुर सडकको निर्माण काम अझ अधुरा रहेकाले कसरी पूरा गर्न सकिन्छ भन्ने विषयमा दुईतर्फी छलफल गरेर अगाडी बढ्ने उनले जनाए ।

भवन उद्घाटन कार्यक्रममा प्रतिनिधि सभा सदस्य दिनेशकुमार यादवले भारतीय अनुदानले सप्तरीमा रहेका अधुरा योजनाहरु सम्पन्न गराउन राजदुत श्रीवास्तवसमक्ष आग्रह गर्दै थप योजनाहरु प्रदान गर्न आग्रह गरेका थिए ।

जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनारायण साहको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रियसभा सदस्यद्वय जितेन्द्र नारायण देव, शेखर सिंह, मधेस प्रदेशसभा सदस्यद्वय सकिल मियाँ र किरण साह तथा विभिन्न स्थानीय तहका प्रमुखसहित विभिन्न राजनीतिक दलका प्रमुख तथा स्थानीयहरुको सहभागिता थियो ।

# अख्तियारले अनुगमन थालेपछि धमाधम होमपाइप जडान हुँदै



**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

सप्तरीको महादेबा गाउँपालिकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुगमन थालेपछि धमाधम होमपाइप जडान हुदैछ ।

अख्तियारको टोली आएर अनियमितता, भ्रष्टाचारको अनुगमन शुरु गरे पछि धमाधम होमपाइप जडान गरिएको देखिदै छ ।

आर्थिक बर्ष २०७४/०७५ को बजेट अनुसार काम नगरी बजेट सिध्याएको जनगुनासो पश्चात् अख्तियारको अनुगमन टोली आएपछि अहिले जनप्रतिनिधिहरु धमाधम पुरानो काम सम्पन्न गर्न लागिपरेका छन ।

वडा न. १ को अगाडी टोलमा जनप्रतिनिधिहरुले माटो, ग्राइभेल तथा होमपाइप जडानमा मात्रै ७० लाख हचुवाको तालमा खर्च गरेका थिए । डिहबार बाबा थान (चन्द्र नहर) देखि बलथि गाउँको पुछार सम्ममा माटो, ग्राइभेल तथा होमपाइप जडान गर्न सो रकम बराबरको कामै नगरि सिध्याएका थिए । हाल सो कामको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि अनुगमनमा टोली आएपछि घटना सार्वजनिक भएको हो ।

तत्कालीन उपभोक्ता

***बाँकी अन्तिम पृष्ठमा***

## मधेश प्रदेशमा मन्त्रिपरिषद् बिस्तार

# सप्तरीका महेश यादव शिक्षा र राजकुमार लेखी कानुन मन्त्रि



**दैनिक समाचारदाता**
**जनकपुर, २० माघ ।**

मधेस प्रदेशमा शुक्रबार मन्त्रिपरिषद् विस्तार गरिएको छ । मुख्यमन्त्री सरोजकुमार यादवले ६ मन्त्री र तीन राज्यमन्त्री नियुक्त गरेका हुन् ।

मधेश सरकारमा सप्तरीबाट दुई जना मन्त्री बनेका छन् । जनमत पार्टीका मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादव शिक्षा, विज्ञान तथा बाणिज्य तथा नेकपा एमालेका राजकुमार लेखी कानून न्याय तथा प्रदेश मामिला मन्त्री भएका छन् ।

यस्तै सुरिताकुमारी साह सामाजिक विकास, शत्रुधनप्रसाद सिंह गृह तथा सञ्चारमन्त्री, सिंहासन कलवार खानेपानी तथा उर्जा विकास र मोहम्मद जयद खाँ आलम महिला तथा बालबालिका, युवा तथा खेलकुदमन्त्री बनेका छन् ।

शेख अब्दुल कलाम आजाद सामाजिक विकास राज्यमन्त्री, केशव राय गृह तथा सञ्चारराज्यमन्त्री र सञ्जयकुमार यादव भूमि व्यवस्था तथा कृषि राज्यमन्त्री बनेका छन् ।

यता माओवादी केन्द्रले २ वटा मन्त्रालय मागेको थियो । मुख्यमन्त्री सरोज यादवले माओवादीका भरतप्रसाद साहलाई उद्योग, पर्यटन तथा वनमन्त्री बन्न प्रस्ताव गरेका थिए । तर माओवादी तयार नभएपछि सरकारमा सहभागी भएन ।

शुक्रबार मन्त्रिपरिसद् बिस्तार भएसँगै मधेश प्रदेशमा १० मन्त्री तथा ३ राज्य मन्त्रि भएका छन् ।

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार

## तपाईकै सहर राजविराजमा

आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लास्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### विकासको दिर्घकालिन योजना बनाउनेतर्फ ध्यान पुगोस्

सप्तरीबाट निर्वाचित प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरु विगतका संघ सरकार तथा प्रदेश सरकारमा मन्त्रि बन्नेहरु निकै छन् । जहिले पनि सप्तरीबाट दुबै सरकारमा प्रतिनिधित्व हुने नै गरेका छन् । तर, पनि सप्तरीमा विकासले गति लिन सकेको छैन् । यसअघिको संघ सरकारमा सप्तरीबाट पनि मन्त्री हुँदा जिल्लाको केही विकास भयो । तर ती विकासको कार्य अहिले सुस्त देखिएको छ । ती कार्यलाई तदारुकताका साथ अगाडी बढाउन वर्तमान प्रतिनिधिसभा सदस्यहरुले पहल गर्नु पर्ने देखिन्छ ।

त्यस्तै मधेश प्रदेशसभामा विगतमा तीन जना मन्त्री भएका थिए । जसमध्ये दुई जनाको मन्त्रालय निकै शक्तिशाली भएपनि जिल्लाको समग्र विकासमा गति लिन सकेन् । मन्त्रीहरुको क्षेत्रमा मात्र विकासले केही फड्को मारेको देखियो । यसरी हेर्दा समग्र जिल्लाको विकासका लागि जोसुकै पनि मन्त्री बनेपनि आफ्नो नभएर सबै क्षेत्रको विकासका लागि ध्यान दिनुपर्ने हुन्छ ।

वर्तमान मधेश प्रदेश सरकारमा दुई जना सप्तरीबाटै मन्त्री बनेका छन् । दुबै जना मन्त्रीहरुले जिल्लाको समग्र विकासका लागि एउटा ठोस र दिर्घकालिन निकासका लागि पहल गर्नु पर्ने आवश्यकता देखिन्छ । जिल्लाको विकास तब हुन्छ जब हामी आफ्नो भन्दा सबैको गर्न सक्छौं । तसर्थ अबको पाँच वर्षभित्र जिल्लाको समग्र विकासका लागि सम्पूर्ण सांसदहरुले काँधमा काँध मिलाएर अगाडी बढ्नुका साथै विकासको दिर्घकालिन योजना बनाउनेतर्फ ध्यान पुर्‍याउनुपर्छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझ्पन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# जरायो चोरी सिकारी प्रकरण : दुई प्रदेशसभा सदस्यसहित ४९ जना कसुरदार

वीरगञ्ज, २० माघ (रासस) ।

जरायो चोरी सिकार घटना प्रकरणमा दुईजना प्रदेशसभा सदस्यसहित ४९ जनालाई पर्सा राष्ट्रिय निकुञ्जले कसुरदार ठहर गरेको छ ।

गत माघ ४ मा निकुञ्जको जमुनिया खोला क्षेत्रमा अवैध रूपमा निकुञ्ज प्रवेश गरी वन्यजन्तु सिकार गरेकोबारे सुक्ष्म अनुसन्धानपश्चात् दुईजना प्रदेशसभा सदस्य र पर्साको एक गाउँपालिकाका पूर्वअध्यक्षसहित ४९ जनालाई कसुरदार ठहर गर्दै सजाय गर्ने निर्णय भएको निकुञ्ज प्रशासनले जनाएको छ ।

जरायो सिकार गरेको आरोपमा पक्राउ परेका, सिकारमा संलग्नताको आरोप लागेका तथा घटनास्थलबाट बरामद सामग्रीलगायतका आधारमा दोषी ठहर गरिएको निकुञ्जका सूचना अधिकारी सूर्य खड्काले जानकारी दिनुभयो ।

जरायो सिकारमा संलग्नमा मधेस प्रदेशसभा सदस्य प्रमोदकुमार जयसवाल, बागमती प्रदेशसभा सदस्य श्यामबहादुर खड्का, पर्साको सखुवापर्सौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीपकुमार जयसवाल र सञ्जीव शाहीलाई वनजन्यु चोरी सिकारी घटनामा मतियार रहेको निष्कर्ष निकाल्दै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ बमोजिम सजायको निर्णय भएको सूचना अधिकारी खड्काले बताउनुभयो ।

फरार प्रतिवादीहरू कुमार लामा, विकास सहनी र उपेन्द्र यादवको हकमा भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ को ३ बमोजिम सजाय हुने निर्णय भएको उल्लेख छ ।

बाँकी रहेका ३४ जना फरार प्रतिवादीहरूको हकमा पहिचान खुली पक्राउ परी आएको बेला राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम सजाय हुने निर्णय भएको सूचना अधिकारी खड्काद्वारा शुक्रबार हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

घटनास्थलबाट बरामद भएका सवारी, छ थान मोबाइल, रू दुई लाख ९६ हजार ६ सय ३० नेपाली र एक हजार दुई सय भारीयत मुद्रा, बन्दुकलगायत अन्य बन्दोबस्तीका सामग्रीहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ बमोजिम जफत गर्ने निर्णय भएको जनाएको छ ।

बागमती प्रदेशसभा सदस्य श्यामबहादुर खड्काको हकमा भने आफ्नो नाममा दर्ता भएको हतियार अन्य व्यक्तिलाई प्रयोग गर्न दिएको र उक्त हतियारबाट वन्यजन्तु सिकार गरेको देखिएकाले खड्कालाई हातहतियार खरखजाना ऐन, २०२९ बमोजिम थप कार्यबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा पठाइएको विज्ञप्तिमा जनाइएको छ ।

प्रतिवादीहरूले स्वदेश र विदेशको विभिन्न स्थानमा समूह बनाई आधुनिक हतियार समेतको प्रयोग गरी संरक्षित वन्यजन्तुको समेत सिकार गरी तिनका आखेटोपारहरू अन्तर्राष्ट्रिय रूपमा ओसारपसार गर्ने गरेको प्रमाणको आधारमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम थप अनुसन्धान गर्ने निर्णय भएको निकुञ्ज प्रशासनले जनाएको छ ।

साथै प्रतिवादीमध्ये केही व्यक्तिहरूको अस्वाभाविक रूपमा वित्तीय कारोबार भएको समेत खुल्न आएकाले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ बमोजिम थप अनुसन्धान हुनका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा समेत लेखी पठाएको सूचना अधिकारी खड्काद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

**यसरी भएको थियो घटना**

गत २०७९ पुस ४ गते राति निकुञ्जको सुरक्षामा खटिएको नेपाली सेना र सिकारी टोलीबीच अकुबनियास्थित कोर जङ्गलमा जम्काभेट भयो । सेनाको टोलीलाई देखेपछि भागेका सिकारीको गाडीको चक्कामा गोली हानेर नेपाली सेनाले पाँचज नालाई तत्काल पक्राउ गरेको थियो । केही व्यक्ति भने फार्म हाउसतर्फ भागेका थिए । पछ्याउँदै गएको सेनाको टोलीले फार्महाउसमा छापा मारेर सिकारमा प्रयोग हुने सामग्री बरामद गरेको थियो । सेनाले अनुसन्धानका लागि बुझाएपछि निकुञ्जले त्यस दिन सिकारमा संलग्न रहेको आरोपमा पाँच जना, दुईवटा गाडी, सिकार खेल्न प्रयोग हुने सामग्री, सिकार गरी मारेको जरायोको मृत शरीर र चित्तलको टाउकोलगायत सार्वजनिक गरेको थियो ।

निकुञ्ज टोलीले मधेस प्रदेशसभा सदस्य प्रमोद जयसवालको नाममा रहेको फार्महाउसबाट गाडेको अवस्थामा चित्तलको टाउको, गोली गट्टा, नाइट भिजन बाइनाकुलरलगायत सिकारमा प्रयोग हुने सामग्री बरामद गरेको थियो । सिकार खेल्न जयसवाल इन्टरप्राइजेजको नाममा रहेको प्र२-०२-०३-००१ च ३०९० नंको गाडी प्रयोग भएको निकुञ्ज स्रोतको दाबी छ ।

निकुञ्जले राष्ट्रिय निकुञ्ज तथा संरक्षण ऐन २०२९ (पाँचौं संशोधन) अनुसार वन्यजन्तु चोरी निकासी मुद्दाअन्तर्गत यो घटनाको अनुसन्धान गरिरहेको छ । अनुमति नलिई निकुञ्जभित्र वन्यजन्तुको सिकार गर्नु कानुन विपरीत हो ।

संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई रू एक लाखदेखि पाँच लाखसम्म जरिवाना वा एक वर्षदेखि १० वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था छ । बरामद सबै सामग्री परीक्षणका लागि वस्तु निकुञ्जले विधिविज्ञान प्रयोगशालामा पठाइएको थियो ।

# सन्दीप लामिछानेको मुद्दामा सर्वोच्चले माग्यो कैफियत प्रतिवेदन

काठमाडौं, २० माघ (रासस) ।

सर्वोच्च अदालतले बलात्कारको आरोप लागेका क्रिकेटर सन्दीप लामिछानेको मुद्दामा कैफियत प्रतिवेदन माग गरेको छ । लामिछानेलाई थुनामुक्त गर्ने पाटन उच्च अदालतको आदेशविरुद्धको मुद्दामा अदालतले आवश्यक कागजात झिकाउने आदेश दिएको हो ।

न्यायाधीश हरिप्रसाद फुँयालको एकल इजलासले शुक्रबार लामिछानेको मुद्दामा भएको आदेशसम्बन्धी आवश्यक कागजात झिकाउने आदेश गरेको हो ।

महान्यायाधिवक्ताको कार्यालयले उच्च अदालत पाटनको आदेशविरुद्ध सर्वोच्च अदालतमा यही माघ १६ गते पुनरावलोकन निवेदन दर्ता गरेको थियो । लामिछानेलाई उक्त मुद्दाको पुर्पक्षका लागि थुनामा पठाउने जिल्ला अदालत काठमाडौंको आदेश खारेज गर्दै सर्तसहित रू २० लाख धरौटीमा रिहा गर्ने उच्च अदालतको आदेश खारेज हुनुपर्ने मागसहित सर्वोच्चमा निवेदन दर्ता भएको थियो । उक्त निवेदनको सुनुवाइपछि अदालतको सो आदेश गरेको हो ।

पुनरावलोकन निवेदनमा भनिएको थियो, "उच्च अदालत, पाटनबाट मिति २०७९ मङ्सिर २८ मा भएको उक्त आदेश तत्काल प्राप्त प्रमाणको मूल्याङ्कनको रोहमा बेरितपूर्ण रहेको हुँदा उक्त आदेश बदर गरी निज प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को दफा ६७ को उपदफा १ को देहाय (ख) बमोजिम पुर्पक्षका निम्ति थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित अदालतसमक्ष

*बाँकी तीन पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल.** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १७ के.जी डि. ए.पी र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको **मलिलोपनमा** भर पर्छ । कम्तिमा १.५ मि. पानी राख्ने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिंगरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रनिधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाङ्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डेट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुर्के भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको कुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८४२८२०९३५

# बलि दिन भारत पुर्‍याइएकी बालिकाको उद्धार

काठमाडौँ, २० माघ (रासस)।

बलि दिन भारत पुर्‍याइएकी १६ बर्षे नेपाली बालिकाको उद्धार गरिएको छ। मानव बेचबिखन अनुसन्धान ब्युरोको पहलमा भारतको दिल्लीस्थित मङ्गलबजार गल्लीबाट मङ्गलबार उद्धार गरिएको हो। उद्धारपछि बालिकालाई एक सामाजिक संस्थाको जिम्मेबारीमा राखिएको छ।

ब्यूरोले यहाँ शुक्रबार पत्रकार सम्मेलन गरी बालिकाको उद्धारबारे जानकारी दिएको हो। "बालिकालाई तान्त्रिक बाबासँग भेटाइ तान्त्रिक बाबा खुसी भएमा अथाहा पैसा पाउने भनिएको रहेछ। भारत लानुअघि बालिकाको तौल, उचाई, शरीरमा दाग, टाटु र रजस्वला भए/नभएको परीक्षण गरिएको रहेछ", ब्युरो निर्देशक प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले भन्नुभयो।

उहाँका अनुसार बालिकालाई भारत लानुअघि र लगेपछि दुई पटक शारीरिक परीक्षण गरिएको थियो। साठी केजी तौल भएको, कम्तीमा उचाइ पाँच फिट चार इन्चभन्दा माथि भएको, शरीरमा कुनै प्रकारको दाग वा टाटु, कुनै अङ्गमा चोटपटक नभएको र रजस्वला नभएको बालिकाको खोजी हुने क्रममा उक्त बालिकालाई भेटाइएको अभियुक्तहरूले जानकारी दिएको प्रहरीको भनाइ छ।

उहाँले थप्नुभयो, "प्रारम्भिक अनुसन्धानअनुसार अभियुक्तले बालिकालाई मुख्य तान्त्रिक बाबासँग केही दिनमा भेटाउने योजना बनाएको पाइएको छ। उनीहरूको आगामी पूर्णिमामा बालिकाको बलि चढाउने योजना रहेछ।"

निर्देशक श्रेष्ठले बालिका भने यसबारे जानकार नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामी दुई महिनादेखि बालिकाको खोजी अनुसन्धानमा जुटेका थियौँ। दुई दिनअघि पाएको सूचनाका आधारमा बालिकाको उद्धार गरिएको हो।"

पीडित बालिका मङ्सिर १७ गते मामाघरबाट काठमाडौँ ल्याइएको थियो। पुस १९ सम्म काठमाडौँमा उनलाई बन्धक बनाइएको थियो। पुस २० गते बालिकालाई नेपाल-भारत सीमा सुनौली हुँदै दुई दिनमा भारतको दिल्लीस्थित पाहाडगञ्जमा पुर्‍याइएको प्रहरीको भनाइ छ।

भारत पुर्‍याएपछि भारतका विभिन्न तीन स्थानमा रहेका तान्त्रिक बाबासमक्ष विभिन्न मितिमा निज बालिकालाई लगिएको थियो। आमा र बाबुबीचको सम्बन्ध खटपटका कारण बालिका मामाघरमा बस्दै आएकी थिइन। ती बालिकालाई प्रलोभन देखाउनेमा बालिकाको नजिकको साथी र महिला संलग्न रहेको खुलेको छ।

अहिले प्रहरीले यस घटनामा संलग्न छ जनालाई पक्राउ गरी थप अनुसन्धान अघि बढाएको जानकारी निर्देशक श्रेष्ठले जानकारी दिनुभयो। प्रहरीको तथ्याङ्कअनुसार नेपालका विभिन्न नाकाबाट बेचबिखन र ओसारपसार हुनबाट माघ महिनामा मात्र १८ जना महिलालाई विभिन्न देशबाट उद्धार गरिएको छ।

पछिल्ला पाँच बर्षमा ३० जना बालिकालाई बेचबिखन तथा ओसारपसार हुनबाट उद्धार गरिएको प्रहरीको भनाइ छ। बेचबिखन हुनबाट बालिका, महिला, बालक र पुरुष गरी चार सय ४३ जनाको उद्धार गरिएको छ।

# निर्वाचनका लागि विनियोजितमध्ये तीन अर्ब फिर्ता हुने

काठमाडौँ, २० माघ (रासस)।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रतिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तोकिएको रकममध्ये करिब रू तीन अर्ब फिर्ता हुने बताउनुभएको छ।

गत मङ्सिर ४ मा निर्वाचनको समीक्षाका क्रममा शुक्रबार सञ्चारकर्मीसँगको छलफल कार्यक्रममा उहाँले निर्वाचनलाई मितव्ययी र पारदर्शी बनाउन आयोगले विशेष सजगता अपनाएकाले तोकिएका सबै रकम खर्च नहुने भएको जनाउनुभयो।

उहाँले आसन्न राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन र राष्ट्रियसभा सदस्यको उपनिर्वाचनमा समेत खर्च गरेर बाँकी रकम फिर्ता गरिने बताउनुभयो। नेपाल सरकारबाट उक्त निर्वाचनका लागि रू १० अर्ब विनियोजनमध्ये रू आठ अर्ब ४९ करोड ९९ लाख निकासा भएकामा हालसम्म रू छ अर्ब ५० करोड ४६ लाख खर्च भएको आयोगले जनाएको छ।

उहाँले आगामी प्रतिनिधिसभा र प्रदेशभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीमा सरकारी कर्मचारीका साथै निजी क्षेत्रका कर्मचारीलाई पायकपर्ने स्थानबाट मतदानको अधिकार दिलाउने गरी अस्थायी मतदाता परिचयपत्र उपलब्ध गराउने गरी कानुन संशोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

विद्युतीय मतदान प्रणाली लागू गराउने विषयलाई पनि कानुनमै उल्लेख गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले बदर मतका प्रकृति र अवस्थाको अध्ययन गरेर आगामी दिनमा मतदाता शिक्षालाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो।

आगामी दिनमा सबै तहको निर्वाचनको मिति वा जनप्रतिनिधिको कार्यकाल कानुनमा स्पष्ट गराउन सकिएमा मिति निर्धारण गर्दा कुनै प्रश्न नउठ्ने उहाँको भनाइ छ। निर्वाचनमा उम्मेदवार हुनेले तोकिएको कानुनबमोजिम आफूसँग सम्बन्धित कागजात यथारूपमा छ भन्ने स्वघोषणासमेत गर्ने गरेको अवस्थामा निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारको अयोग्यता ठहर गर्न नसक्ने र पछि अदालतमा प्रश्न उठेपछि फैसलाबमोजिम सबैले मान्नुपर्ने उल्लेख गर्नुभयो।

आयोगका सचिव गोकर्णमणि दुवाडीले राज्यको चौथो अङ्गका रूपमा सञ्चार क्षेत्रले निर्वाचन सफल बनाउन उल्लेखनीय भूमिका निर्वाह गरेको र आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिन आग्रह गर्नुभएको थियो।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचन कानुन र आचारसंहिताको पालना तथा निर्वाचन व्यवस्थापनमा केही नयाँ अभ्यास र प्रयोग गरेको बताउनुभयो। आयोगले निर्वाचनबारे प्रदेशगत समीक्षा सम्पन्न गरिसकेको छ।

### सन्दीप लामिछानेको ...

सादर अनुरोध गरिन्छ।"

उच्च अदालत पाटनका न्यायाधीश रमेश ढकाल र ध्रुवराज नन्दको इजलासले गत पुस २८ गते लामिछानेलाई रु २० लाख धरौटी बुझाएर थुनामुक्त गर्न आदेश गरेको थियो।

जिल्ला अदालत काठमाडौँको थुनछेक आदेशविरुद्ध उच्च अदालत पाटनमा पुनरावलोकनको निवेदन दिइएको थियो। उक्त निवेदनमाथिको सुनुवाइमा अदालतले धरौटी लिएर थुनामुक्त गर्न भनेको थियो। लामिछानेमाथि १७ वर्षीय किशोरीलाई बलात्कार गरेको आरोपमा गत कात्तिक १४ गते काठमाडौँ अदालतमा मुद्दा दायर गरिएको थियो।

लामिछाने विरुद्ध नाबालिकमाथि जबर्जस्ती करणी गरेको आरोपमा जाहेरी परेपछि उनलाई न्यायिक हिरासतमा राखिएको थियो। प्रहरीले गत असोज २० गते लामिछानेलाई अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रक्राउ गरेको थियो।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## विश्व समाचार

### पैतीस लाख बालबालिका विद्यालय बाहिर

आदिस अबाबा, २० माघ (रासस/सिन्ह्वा)।

इथियोपियामा जारी आन्तरिक द्वन्द्व र प्रतिकूल मौसमका कारण कम्तीमा ३५ लाख बालबालिका विद्यालय जानबाट बञ्चित भएका एक अध्ययनले देखाएको छ।

संयुक्त राष्ट्रसङ्घीय बालकोषका अनुसार आन्तरिक द्वन्द्व र प्रतिकूल मौसमका कारण ३५ लाख बालबालिका विद्यालयको पहुँचबाहिर रहेका हुन्। खडेरीका कारण लामो समयदेखि ती बालबालिकाका अभिभावकले खाद्यान्न अभाव झेल्दै आएका छन्। टिगरे क्षेत्र खाद्य समस्याबाट पीडित छ। बालकोषले केही समयअघि कोभिडका कारण बालबालिका विद्यालय जान नपाएका जनाएको थियो।

### आसममा बाल विवाहविरुद्ध अभियान, करिब अठार सय पक्राउ

गुवाहाटी, २० माघ (रासस एएनआई)।

आसाम प्रहरीले बाल विवाहविरुद्धको अभियानलाई तीव्र गतिमा अघि बढाएको छ। सामाजिक विकृतिविरुद्धको यो अभियानका क्रममा हालसम्म एक हजार सात सय ९३ जना पक्राउ परेका छन्।

आसामका मुख्यमन्त्री हिमन्त विश्व शर्माको निर्देशनमा बिहीबाररातिदेखि बाल विवाहविरुद्ध राज्यव्यापी कारबाही थालिएको बताउँदै प्रहरी महानिरीक्षक एवम् आसाम प्रहरीका प्रवक्ता प्रशान्तकुमार भुयानले राज्यभरबाट पक्राउ परेकामध्ये एक सय ३१ जना एकै स्थान विश्वनाथका रहेका एएनआईलाई जानकारी दिनुभयो। राज्यव्यापीरूपमा बाल विवाह रोक्न मुख्यमन्त्रीबाट प्राप्त निर्देशनअनुसार राज्यभरका प्रहरी त्यसविरुद्ध आक्रामक भएर लागेका उहाँले बताउनुभयो।

उमेर नपुगेका युवतीसँग विवाह गरेको आरोपमा माजुली जिल्लाबाट छ जनालाई नियन्त्रणमा लिईको छ भने गुवाहाटीमा मात्र बालविवाहसम्बन्धी एक सय ९२ मुद्दा दर्ता भएका छन्। गुवाहाटीबाट ५३ जनालाई पक्राउ गरेर अनुसन्धान थालिएको छ। बाल विवाहमा संलग्न भएको अभियोगमा धुबी जिल्ला प्रहरीले ९६ जनालाई हिरासतमा लिएको छ।

### हङकङ र मकाउबाट चीन आजआउ पूर्णरूपमा खुला

हङकङ, २० माघ (रासस/एएफपी)।

कोरोना महामारीका कारण करिब तीन वर्षदेखि बन्दप्रायः रहेको हङकङ र मकाउका बासिन्दाको चीन आजआउ अब पूर्णरूपमा खुला भएको छ। मुख्यभूमि चीनबाट स्वशासित क्षेत्र हङकङ र मकाउ आइजाइमा लगाइएको प्रतिबन्ध पनि हटाइएको छ।

महामारीले मन्दितर्फ धकेलेको एशियाको आर्थिक केन्द्र हङकङलाई पुनः जीवन्त बनाउने तथा धेरैभन्दा धेरै विदेशी पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले पाँच लाख हवाई टिकट निःशुल्क वितरण गर्ने सरकारी घोषणा भएको अर्को दिन चीनले सबै किसिमका यात्रामा लगाएको प्रतिबन्ध हटाएको हो।

बेइजिङले कोभिड-१९ विरुद्ध अख्तियार गरेको शून्य सहनशिलताको नीतिका कारण बिग्रिएको व्यापार, व्यवसाय र पर्यटनलाई अब पुरानै लयमा फर्काउन सहज हुनेछ भने तीन वर्षदेखि घर बाहिर रहेका परिवारका सदस्यको पुनर्मिलनलाई सुनिश्चित गरेको छ।

हङकङ र मकाउ राज्य परिषद् कार्यालयका अनुसार आगामी सोमबार मध्यरातदेखि निर्वाधरूपमा चीनबाट मकाउ र हङकङ तथा मकाउ र हङकङबाट चीन जानआउन पाइनेछ। गत महिना एक्कासी बेइजिङले शून्य कोभिड नीति खारेज गरेपछि मुख्यभूमि जाने र त्यहाँबाट हङकङ र मकाउ आउजाउ सीमित मात्रामा हुनेगरेको थियो।

कोरोना सङ्क्रमण नभएको प्रमाण प्रस्तुत गरेपछि मात्र दैनिक ६० हजार जनालाई आउजाउको अनुमति दिइएको थियो। हङकङका प्रमुख जोन लीले आशिंकरूपमा खुला गरिएको आवागमन व्यवस्थित, सुरक्षित एवम् सहज रहेको बताउनुभएको छ।

पर्यटनका निम्ति बिख्यात हङकङले तीन वर्षको बन्दाबन्दीबाट २७ अर्ब डलर गुमाएको अनुमान छ। मुख्यभूमिबाट अधिकभन्दा अधिक पर्यटक हङकङ घुम्न आउने गरेका छन्। सन् २०१८ मा पाँच करोड १० लाख मुख्यभूमिका चिनियाँले सुन्दर शहर हङकङको भ्रमण गरेका थिए।

हङकङ महानगरका अधिकारीहरूले सबै प्रतिबन्ध हटाइएपछि मुख्यभूमिबाट मात्र नभई अन्य देशबाट पनि पर्यटक ओइरिने अपेक्षा गरेका छन्। कोरोनाविरुद्ध खोप नलगाएका विदेशीलाई पनि हङकङमा सोमबारदेखि स्वागत गरिने भएको छ। अब यहाँको यात्रा गर्दा 'क्वारेन्टिन' वा 'आइसोलेसन'मा पनि बस्नु पर्दैन यद्यपि प्रमुख प्रशासक लीले 'एन्टिजेन टेष्ट' आवश्यक हुने बताउनुभएको छ। हङकङमा कोभिडसम्बन्धी सबै प्रतिबन्ध हटाइएको भए पनि 'मास्क' अनिवार्यरूपमा लगाउनुपर्छ। यो वर्षको शिशिर याम समाप्तिसँगै त्यो व्यवस्था पनि खारेज गरिने प्रमुख प्रशासक लीले बताउनुभएको छ।

# प्रतिनिधिसभा सदस्य चौधरी जेल चलान

अत्तरिया, २० माघ (रासस)।

प्रतिनिधिसभा सदस्य एवं नागरिक उन्मुक्ति पार्टीका सचेतक अरुणकुमार चौधरी जेल चलान भएका छन्।

बिहीबार साँझ कैलाली जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका चौधरीलाई शुक्रबार १० बजे कैलाली जिल्ला अदालतमा उपस्थित गराई कैद पुर्जी लिएर धनगढी कारागारमा चलान गरिएको हो।

फरार सूचीमा रहेका चौधरीलाई बिहीबार बाँकेबाट पक्राउ गरेको थियो। चौधरीलाई प्रहरीले पक्राउ गरेर नेपालगञ्जबाट जहाजमा काठमाडौँ लगेको थियो। काठमाडौँबाट उनलाई बिहीबारनै जहाजमा धनगढी ल्याएको थियो। सांसद चौधरी नौ वर्षदेखि फरार थिए।

गत मङ्सिर ४ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा कैलाली क्षेत्र नं २ बाट निर्वाचित भएका थिए।कैलाली जिल्ला अदालतमा २०६६ भदौ ३ मा लु २ त २११ नम्बरको ट्र्याक्टर जलाएको भन्दै २०६७ भदौ २ मा कैलाली जिल्ला अदालतमा महादेव बजगाईंले चौधरीसहित पर्शुराम चौधरी र वीरबहादुर चौधरीलाई विपक्षी बनाई मुद्दा गरेका थिए।

विसं २०७० वैशाख ९ मा कैलाली जिल्ला अदालतले सांसद अरुणकुमार चौधरीसहित पर्शुराम र वीरबहादुर गरी तीन जनालाई छ महिना कैद सजाय सुनाएको थियो। अदालतले पीडितलाई रू आठ लाख १८ हजार चार सय २३ क्षतिपूर्ति उपलब्ध गराउनेसमेत फैसला भएको थियो।

ॐ

यही आउँदो २०७९ साल फाल्गुन ६ गते 'महाशिवरात्री' पर्व पर्न गएको हुँदा विगत वर्ष जस्तै यस वर्ष पनि हर्सोल्लास एवम् भव्यताका साथ मनाईने भएको हुँदा सम्पूर्ण हिन्दुधर्मावलम्बी, समाजसेवीहरुमा आवश्यक छलफल, सल्लाह, सुभावको लागि उपस्थिति हुन सादर अनुरोध गर्दछौं।

अनुरोधकर्ता
श्री हरिनन्देश्वर महावदेव मन्दिर
संरक्षण सम्वर्द्धन समिति
राजविराज-७

मिति : २०७९/१०/१६ गते सोमबार
स्थान : मन्दिर प्रांगण
समय : ०८ बजे विहान

# नेपाल एयरलाइन्सका टिकट अनलाइनबाटै काट्न सकिने

काठमाडौँ, २० माघ (रासस)।

नेपाल वायुसेवा निगमले अनलाइनबाट टिकट काट्ने व्यवस्था सुरु गरेको छ। निगमका अनुसार अब यात्रुले आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानका टिकटका अनलाइनमार्फत् काट्न सक्ने भएका छन्।

"नेपाल वायुसेवा निगमले यात्रुहरूको सहजताका लागि हाललाई ई-सेवाबाट पूर्णरूपमा सर्वसुलभ हुने गरी आन्तरिक र अन्तर्राष्ट्रिय हवाई टिकट काट्न सक्ने प्रबन्ध गरेको छ", निगमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। निगमले आगामी दिनमा अन्य वालेट तथा वेवसाइटमार्फत् पनि टिकट काट्ने व्यवस्था मिलाइने बताएको छ।

निगमले दुर्गम/विकट क्षेत्रका जनतालाई आन्तरिक उडान सेवा प्रवाहको प्राथमिकतामा राखेको बताएको छ। "आन्तरिकतर्फ उडान हुने विमानको उपलब्ध सिट संख्या १९ भए पनि विमानको यात्रु बोक्ने क्षमतामा उडान गन्तव्यको मौसम, इन्धनको उपलब्धता, विमानको प्राविधिक क्षमता लगायतका विविध कारणहरूले प्रभाव पार्ने हुँदा बिक्री गर्न सकिने सिट संख्यामा स्वतः परिवर्तन हुने जानकारी गराइन्छ", जारी विज्ञप्तिमा भनिएको छ।

### अख्तियारले ...

समितिका अध्यक्ष अमर यादव र कोषाध्यक्ष सुदिलाल सदा सहितकाहरुको मिलोमतोमा उक्त बजेट कामै नगरि सकाएको आरोप स्थानीयहरुको रहेको छ। स्रोतका अनुसार गाउपालिका स्तरीय योजना मध्ये कुल बजेट १ करोड ३० लाख मध्ये वडा न. १ मा ७० लाखको लागतमा सो वडामा काम नलाग्ने स्थानमा होमपाइप जडान गरि बजेट सिध्याउनका लागि जनप्रतिनिधिहरु लागिपरेको स्थानीय बिरेन्द्र गोइतको आरोप छ।

गोइतले भने "जुन ठाउँमा होमपाइप जडान गरेको छ त्यस ठाउँमा पानी निकास हुदैन तथा सिचाइको लागि पनि आवश्यकता नभएको स्थानमा बजेट सिध्याउन स्थानीय जनप्रतिनिधिहरु धमाधम होमपाइप जडान गर्दै आएका थिए।"

सो आर्थिक बर्षमा महादेवा गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत केशब कुमार झा तथा लेखापाल हिरालाल यादवले नै उक्त रकमको भुक्तानी दिएका थिए।

## कोशी पीडित समाज

राजविराज-३, सप्तरी

Koshi Victims Society (KVS)

सुचना प्रकाशन मिति २०७९/१०/२१

### हाँस र बाख्रा खरिद सम्बन्धि शिलबन्दी दरभाउ पत्र पेश गर्ने सुचना

USAID को सहयोगमा कोशी पीडित समाजले सप्तरी जिल्लाका कञ्चनरुप ४ र १०, अग्निसाइर कृष्णसवरन ४ र ५, हनुमाननगर कंकालिनी ४ र ५ र तिलाठी कोइलाडी ४ र ८ मा USAID Local Works: Saptari परियोजना संचालन गरिहेको छ। यस परियोजना अन्तर्गत सिमान्तकृत समुदायको लागि तपशिलका केहि हाँस र बाख्रा खरिद गर्नुपर्ने भएकोले २०७९/११/०८ भित्र यस संस्थामा आइपुग्ने गरी शिलबन्दि दरभाउ दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| क्र.सं. | पशुपंक्षि | पशु पंक्षिको बिशिष्टता | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | हाँस | कम्तिमा ३ महिना पुरा भएको | ५२८ | स्थानीय जातको र स्थानीय बातावरणमा समायोजन हुन सक्ने |
| २ | बाख्रा | कम्तिमा ६ महिना पुरा भएको | ८० | स्थानीय जातको र स्थानीय बातावरणमा समायोजन हुन सक्ने |

*नोट : उल्लेखित पशुपंक्षिको स्थलगत अनुगमन र प्राबिधिक जाँच गर्न सकिनेछ र संख्या थपघट हुन सक्नेछ।*

**दरभाउ पेश गर्ने प्रक्रिया:–**

- आपुर्तीकर्ताले शिलबन्दि खाम भित्र निबेदन, प्रति हाँस वा प्रति बाख्राको दर भाउ (अंक र अक्षरमा) स्पष्ट लेखि तोकिएको समय भित्र दर्ता गर्नुपर्नेछ।
- आपुर्तीकर्ताले परियोजनाको कार्य क्षेत्र कञ्चनरुप ४ र १०, अग्नि साइर कृष्णासवरन ४ र ५, हनुमाननगर कंकालिनी ४ र ५ र तिलाठी कोइलाडी ४ र ८ मा आपुर्ती सहितको दरभाउ उल्लेख गर्नुपर्नेछ।
- आपुर्तीकर्ताले शिलबन्दी खाम बाहिर आपुर्तीकर्ताको नाम, ठेगाना फोन नं र पशुपंक्षीको दर भाउ पत्र उल्लेख गर्नु पर्नेछ।
- हाँस र बाख्रा दुबै वा कुनै एकको दर भाउ पेश गर्न सकिनेछ।
- पशुपंक्षी फार्म हाउसलाई प्राथमिकता दिइनेछ।
- छनोट सम्बन्धि निर्णय गर्ने अधिकार कोशी पीडित समाजमा निहित रहने छ।
- थप जानकारीका लागी सम्पर्क नं.०३१-५३२५२४ वा ९८४१६४९०६७ मा सम्पर्क गर्न सकिनेछ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७

जाडोको समयमा चिसोबाट बचौं

➢ जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
➢ न्यानो कपडा लगाऔं,
➢ घर तथा कोठा न्यानो बनाऔं,
➢ कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
➢ बालबालिकालाई तेल मालिस गरिदिऔं,
➢ बढी चिसोमा मर्निङ वाक नगरौं,
➢ चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
➢ दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*